राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ६ अंक ३१२ २०८२ असार २४ गते मंगलवार (8 July 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## मधेश प्रदेशसभामा प्रतिपक्षीको अवरोध कायमै

दैनिक समाचारदाता
जनकपुरधाम, २३ असार। मधेश प्रदेशसभामा प्रतिपक्षीको अवरोध कायमै रहेको छ। अगामी आ.व.का लागि प्रस्तुत बजेट प्रदेशको हित विपरित रहेको भन्दै प्रमुख प्रतिपक्षी



जनता समाजवादी पार्टी नेपाल सहितका विपक्षीदलहरुले सदन अवरुद्ध गर्दै आएको छ।

सरकारले ल्याएको बजेटमा बिचौलिया हावी भएको, अनुत्पादक क्षेत्रमा बढी बजेट विनियोजन भएको जस्ता आरोप लगाउदै विपक्षीदलहरुले बैठक चल्न दिएको छैन।

उनिहरुले बजेटको पुनर्लेखन नभए सम्म सदन चल्न नदिने बताएका छन। बैठक शुरु हुन साथ प्रमुख प्रतिपक्ष दलका प्रदेश सभासदस्य सुरिता साह, नेकपा माओवादीका सुनिता यादव, नेकपा एकीकृत समाजवादीका बेची लुङगेली र संघीय समाजवादी पार्टीका बिमला अन्सारीले बजेट संघीयता र प्रदेश विरोधी रहेको भन्दै पुर्नलेखन नभए सम्म प्रतिपक्षीको अवरोध जारी रहने बताए।

प्रतिपक्षीदलका सदस्यहरु बैठकमा उठेर विरोध जनाएपछि सभामुख रामचन्द्र मण्डलले भोली मंगलवार सम्मका लागि बैठक स्थगित भएको जानकारी दिए।

# राम नेपाली भूमिमा जन्मिएका हुन् प्रचार गर्न नडाराऔं : प्रधानमन्त्री ओली



- रामको जन्मस्थान नेपालमै भएको दाबी
- सायद त्यो भूभाग थारु बस्ती भएको क्षेत्र हुन सक्ने अनुमान।
- नेपालको पश्चिम भागमा रहेको स्थानलाई रामको शिक्षास्थलको रूपमा व्याख्या।
- अयोध्या सिधै पुग्न सक्ने भूगोलिक सम्भावना अस्वीकार
- सीता त्रिशुली र कालीगण्डकी मिसिएको क्षेत्रमा समाहित भएकी।
- शिव र विश्वामित्र पनि नेपाली भएको दाबी

दैनिक समाचारदाता
काठमाडौं २३ असार। प्रधानमन्त्री केपी शर्मा ओलीले भगवान रामको जन्मस्थान नेपाली भूभागमै पर्ने दाबी गर्दै त्यसबारे प्रचार गर्न नेपालीहरूले हिच्किचाउनु नहुने बताएका छन्। नेकपा (एमाले) को पर्यटन विभागद्वारा आयोजित एक कार्यक्रममा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले "राम नेपालमै जन्मिएका हुन" भन्ने कुरा आत्मविश्वासका साथ भन्नुपर्नेमा जोड दिए।

उनले भने, "राम जन्मिएको भूमि नेपालमै पर्छ। सायद त्यहाँ थारु गाउँ थियो कि। अहिले पनि त्यो भूभाग नेपालमै पर्छ। तर हामी भन्न सक्दैनौं, आँट गर्न सक्दैनौं। को रिसाउँछ भनेर डराउँछौं। अनि हामी के गरी खान्छौं?"

प्रधानमन्त्री ओलीले राम र लक्ष्मणले शिक्षा पनि नेपाली भूमिमै प्राप्त गरेको उल्लेख गरे। वाल्मिकी रामायणको सन्दर्भ दिँदै उनले कोशी नदी तरेर पश्चिमतिर गएको प्रसंग उल्लेख गर्दै रामायणमा वर्णित भूगोल नेपालकै पश्चिम भूभागमा पर्ने तर्क प्रस्तुत गरे।

"पश्चिमतिर हिँडेको घोडा ताकेरै अयोध्या पुग्छ? यो नहुने कुरा हो। मैले भनिरहनु पर्दैन, यो पौराणिक कथनमा पनि छ," उनले भने।

प्रधानमन्त्री ओलीले रामको विवाह पनि जनकपुरधाममै भएको उल्लेख गर्दै यदि राम अयोध्याबासी मात्र हुन्थे भने त्यहीँ विवाह हुने सम्भावना रहेको बताए। "यहाँको थियो र त्यसैले जनकपुर गएको हो।"

उनले सीता पनि त्रिशुली र कालीगण्डकी मिसिएको भूगोलतर्फ समाहित भएकी बताउँदै भगवान शिव र ऋषि विश्वामित्र पनि नेपाली भूमि सँग सम्बन्धित रहेको दाबी गरे।

## 'राइट्स क्लिनिक' गठन



दैनिक समाचारदाता
जनकपुरधाम, २३ असार। पत्रकार, मानव अधिकारकर्मी, कानून व्यवसायीलगायत सरोकारवाला समूहहरूको संयुक्त पहलमा 'राइट्स क्लिनिक' नामक संस्था गठन गरिएको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को कार्यालयमा आइतवार बसेको बैठकबाट संस्थागत रुपमा क्लिनिकको घोषणा गरिएको हो।

बैठकमा इन्सेक मधेश प्रदेश संयोजक राजु पासवान, राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश कार्यालयका प्रमुख बुद्धनारायण साहनी, नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य राजेश कुमार कर्ण, राष्ट्रिय दलित पत्रकार संघ मधेश प्रदेश अध्यक्ष कैलास दास, नेपाल वार एशोसिएशनकी केन्द्रिय सदस्य रिंकु यादव, जवासकी अध्यक्ष मन्दा कुमारी कर्ण, माइती नेपालका प्रदेश संयोजक पुरुषोत्तम कुमार यादवको उपस्थिति थियो।

बैठकमा लोकतान्त्रिक अधिकार, विकास, सेवा प्रवाह, नीति निर्माण तथा कार्यान्वयनको तहमा रहेको असमानता, बेवास्ता र अपारदर्शिता जस्ता मुद्दामा खुला संवाद गर्ने उद्देश्यले राइट्स क्लिनिक गठन गरिएको जानकारी दिइएको छ।

समितिका सदस्य एवं पत्रकार राजेश कुमार कर्णका अनुसार, "जसका आवाजहरू सुन्ने प्रयास गरिँदैन, तिनका समस्या सार्वजनिक बहसको एजेन्डा बन्दैनन्। यस्ता मौन आवाजहरूलाई बहसको मूलधारमा ल्याई न्यायपूर्ण र सबल नागरिक समाज निर्माण गर्ने साझा मञ्चको आज अत्यन्त आवश्यकता छ।"

उनले राइट्स क्लिनिकमार्फत नागरिक, विज्ञ, मानव अधिकारकर्मी, राजनीतिज्ञ तथा सरोकारवाला निकायहरूबीच नियमित संवाद, विचार आदान-प्रदान र समाधानमुखी बहस गर्ने वातावरण बनाउने लक्ष्य लिएको स्पष्ट पारे।

# अनुमति बिना उच्च कक्षा सञ्चालन गर्ने सप्तरीका १० निजी विद्यालय बन्द

दैनिक समाचारदाता
सप्तरी, २३ असार। अनुमति प्राप्त स्तरभन्दा माथिल्लो कक्षा सञ्चालन गर्दै आएका सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिकाका १० वटा निजी विद्यालय बन्द गरिएका छन्। शिक्षा विकास तथा समन्वय एकाइ सप्तरीले उच्च अदालत जनकपुर राजविराज इजलासको आदेशको कार्यान्वयन स्वरूप ती विद्यालयलाई रोक लगाएको हो।

उच्च अदालतले २०७९ वैशाख १९ गते अनुमति नलिई उच्च कक्षा सञ्चालन गरिरहेका विद्यालयहरूलाई बन्द गराउन आदेश दिएको थियो। सोही आदेशअनुसार, शिक्षा विकास तथा समन्वय एकाइले विद्यालयहरूलाई अनुमति प्राप्त कक्षाभन्दा माथिका कक्षा सञ्चालन गर्न नपाउने गरी कडा निगरानी थालेको प्रमुख शशि यादवले जानकारी दिनुभयो।

तर विद्यालय सञ्चालकहरूले भने उक्त कदमप्रति गम्भीर असन्तुष्टि जनाएका छन्। उनीहरूको गुनासो छ– वर्षौंदेखि नियमअनुसार अनुमति माग गर्दा पनि बेवास्ता भएको र पठनपाठन नै रोकिँदा आफ्नो लगानी र हजारौं विद्यार्थीको भविष्य संकटमा परेको छ। वैष्णोदेवी बोर्डिङ स्कुल (कङ्कालिनी-६) का सञ्चालक श्याम मण्डल भन्छन्, "विद्यालय स्थापना गरेको १४ वर्ष भयो, हरेक प्रक्रिया पुरा गरेर उच्च कक्षाको अनुमति माग्दा पनि अहिलेसम्म आश्वासनबाहेक केही प्राप्त भएको छैन।"

त्यस्तै, आनन्द बोर्डिङ स्कुलका सञ्चालक आनन्दकुमार यादवले पनि २०७० सालमा विद्यालय स्थापना गरेर एक कक्षाको अनुमति लिएपछि क्रमिक रूपमा माथिल्लो कक्षाका लागि आवश्यक प्रक्रिया पुरा गर्दा पनि कुनै सुनुवाइ नभएको गुनासो गर्नुभयो।


विद्यालय सञ्चालकहरूका अनुसार, हरेक वर्ष कक्षा वृद्धि अनुरूपको मापदण्ड र दस्तावेजसहित निवेदन दिइरहे पनि अनुमति नपाएर आफूहरू लामो समयदेखि अन्योलमा थिए। अब आएर विद्यालय नै बन्द गराउँदा शैक्षिक पद्धति, लगानी, शिक्षकको रोजगारी र विद्यार्थीको भविष्य सबै प्रभावित भएको उनीहरूको भनाइ छ।

आरपी मेमोरियल बोर्डिङ स्कुल (कङ्कालिनी-७) का सञ्चालक जयप्रकाश नारायण रायले दुखेसो पोख्दै भन्नुभयो, "पठनपाठनको वातावरण बनाउँदै आएका थियौं, तर अनुमति नदिई विद्यालय बन्द गरिदिँदा ठूलो अन्याय भयो।"

यसैबीच, नगरपालिकाको शिक्षा शाखा प्रमुख हरिनारायण साहले भने मापदण्ड पूरा गरेका विद्यालयलाई अनुगमनपछि क्रमशः अनुमति प्रदान गरिएको दाबी गर्नुभएको छ।

विद्यालय बन्दको निर्णयले स्थानीय शिक्षण संस्था र विद्यार्थीबीच अन्योलता उत्पन्न भएको छ। अब जिम्मेवार निकायहरूले विद्यालयहरूको माग र अदालतको आदेशबीच सन्तुलन कायम गर्दै शिक्षाको अधिकारलाई सुनिश्चित गर्न तथ्यमा आधारित र पारदर्शी निर्णय गर्नु आवश्यक देखिन्छ।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035

## सम्पादकीय

# सुशासनप्रतिको गम्भीर चुनौती

मधेश प्रदेशसभा सांसद हसिना खातुनले संसद विकास कोषअन्तर्गत प्राप्त योजनाको चिी आफूले पाउनुअघि नै योजना सम्पन्न भएको देखेर सार्वजनिक रूपमा व्यक्त गरेको आक्रोशले सार्वजनिक योजना सञ्चालन प्रणालीको पारदर्शिता र जवाफदेहितामा गम्भीर प्रश्न उठाएको छ। यो घटनाले प्रदेश सरकार, जनप्रतिनिधि र कार्यान्वयन निकायबीचको समन्वयको अभाव मात्र देखाएको छैन, योजनाको दुरुपयोग र प्रक्रियाविहीन 'बिक्री' जस्ता गम्भीर अनियमितता पनि उजागर गरेको छ।

सांसद खातुनको दाबी अनुसार, ३५ लाख रुपैयाँ बजेट स्वीकृत भएको सडक स्तरोन्नतिको योजना उपभोक्ता समितिमार्फत सञ्चालन हुने भनिएको थियो। तर समितिको गठनअघि नै योजना सम्पन्न भइसकेको सूचना प्राप्त गर्नु र सम्बन्धित कार्यालय प्रमुख सम्पर्कमै नआउनु सरकारी संयन्त्रभित्रको अपारदर्शिता र मनोमानीको संकेत हो।

सांसद खातुनले मुख्यमन्त्री र संसदीय दलका नेतालाई जानकारी गराइसकेको बताइन्, र मुख्यमन्त्रीले पनि सांसदको सहमति विना योजना सञ्चालन नहुने निर्देशन दिएको तथ्य प्रस्तुत गरिन्। तर यति स्पष्ट निर्देशन हुँदाहुँदै योजना 'बिक्री' हुनु कार्यपालिका र कार्यान्वयन निकायबीचको असंवेदनशीलता र बेवास्ताको पुष्टि हो। सांसद खातुनको अनुभव कुनै एक प्रतिनिधिको मात्रै समस्या होइन; यसअघि पनि प्रदेश सांसद सरोज सिंह कुशवाहामाथि योजना बिक्रीको आरोप लागेर उनी निलम्बनमा परेका थिए। यो क्रमशः दोहोरिरहने प्रवृत्ति जनप्रतिनिधिहरूको मर्यादा, बजेटको प्रभावकारीता र जनउत्तरदायी शासनप्रणालीलाई गम्भीर रूपमा कमजोर पार्ने दिशातर्फ उन्मुख छ।

सांसद विकास कोषजस्ता योजना तिनै प्रतिनिधिमार्फत सिफारिस गरिन्छन्, जसले आफ्ना क्षेत्रको आवश्यकता पहिचान गरेर जनतामाझ उत्तरदायी ढंगले सेवा पुर्‍याउनुपर्छ। तर, ती योजनाहरू प्रतिनिधिलाई थाहा नै नदिई सम्पन्न भएको देखिनु योजनामै घोटाला भएको संकेत हो, जसको तत्काल छानबिन आवश्यक छ।

अब यस प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्वतः संज्ञान लिएर निष्पक्ष छानबिन गर्नु आवश्यक छ। यदि सांसद खातुनको भनाइमा सत्यता छ भने योजनाको अनियमिततामा संलग्न कर्मचारी वा कुनै पनि पक्ष कानूनी कारबाहीबाट उन्मुक्त हुन नदिनु पर्नेछ।

त्यस्तै, प्रदेश सरकार र संसदले पनि यस्तो प्रवृत्तिबाट पुनरावृत्ति रोक्न योजना सिफारिस, स्वीकृति र कार्यान्वयनको स्पष्ट पारदर्शी मापदण्ड निर्माण गर्नुपर्छ। हरेक योजना पारदर्शी प्रणालीमार्फत जनतालाई सार्वजनिक गर्नुपर्ने, अनलाइन ट्र्याकिङ प्रणालीको विकास हुनुपर्ने र उपभोक्ता समिति गठन प्रक्रिया स्वतन्त्र र निष्पक्ष रहनुपर्ने हुन्छ।

सार्वजनिक योजनामा जनप्रतिनिधिको साख र जनताको अपेक्षासँग प्रत्यक्ष सरोकार हुन्छ। यस्तो अवस्थामा जनताको करबाट सञ्चालित बजेट योजना कसरी 'बिक्री' हुन्छ भन्ने प्रश्नको जवाफ राज्य संयन्त्रले आज होइन भने कहिले दिने?

सांसद खातुनले उठाएको प्रश्न कुनै व्यक्तिगत आक्रोश नभई सार्वजनिक प्रणालीभित्रको गम्भीर त्रुटिको संकेत हो। यसले राज्यको नैतिकता, उत्तरदायित्व र सुशासनप्रतिको प्रतिबद्धतालाई कति गम्भीरतापूर्वक लिने भन्ने प्रश्न उठाएको छ। यदि अहिले पनि सत्यतथ्य लुकाइयो भने, जनताको विश्वासमा लागेको चोट राज्यको भरपर्दो संरचना नै भत्किनेतर्फ उन्मुख हुनेछ।

# सर्वोच्चको फैसलाबाट कांग्रेस 'गम्भीर'



लिलु डुम्रे

संवैधानिक पदाधिकारीको नियुक्ति विरुद्ध परेको मुद्दामा सर्वोच्च अदालतले १८ असारमा गरेको फैसलालाई नेपाली कांग्रेसका नेताहरूले गम्भीर रूपमा लिएका छन् ।

सार्वजनिक रूपमा अदालतको फैसलाप्रति प्रतिक्रिया नदिएका कांग्रेसका नेताहरूले केन्द्रीय समितिको बैठकमा यो विषयलाई जोड दिएर उठाएका छन् । बैठकमा अदालतको समीक्षा हुनुपर्ने विषय समेत उठेको छ ।

१६ असारदेखि जारी केन्द्रीय समितिको बैठकमा शुक्रबारसम्म धारणा राख्ने नेताहरूले अदालतको फैसलाप्रति मुख खोलेका थिएनन् । तर आइतबार बोल्ने शीर्ष नेता र केन्द्रीय सदस्य अदालतको फैसलाप्रति असन्तुष्ट देखिएका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा रहेको सरकारले गरेको ५२ जना संवैधानिक निकायमा पदाधिकारी नियुक्ति विरुद्ध परेको मुद्दाको सुनुवाइ ४ वर्षपछि भएको थियो । फैसलाले सशंकित कांग्रेस नेताहरूले अदालतको पुनर्संरचना, छुट्टै संवैधानिक अदालत गठनको मुद्दा उठाएका छन् । सर्वोच्च अदालत एमालेले प्रभाव पारेको शंका समेत बैठकमा गरिएको छ ।

यो फैसलासँगै नियुक्तिको विवादमा परेका संवैधानिक पदाधिकारीहरूले पूर्ण कार्यकालभर काम गर्ने बाटो अदालतले खोलिदिएको छ ।

एकापसमा राय बाझिए पनि नियुक्तिको निर्णयलाई सदर गरिएको थियो । ५ न्यायाधीशमा ३/२ को अनुपातमा निर्णय सदर गरिएको थियो । ३ जना न्यायाधीशले नियुक्ति सदर गर्नुपर्ने मत राखेका थिए भने दुई जनाले नियुक्ति बदर हुनुपर्ने राय राखेका थिए ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत र न्यायाधीश डा. नहकुल सुवेदीले पहिलो चरणमा नियुक्त भएका ३२ संवैधानिक पदाधिकारीको नियुक्ति बदर हुनुपर्ने राय लेखेका थिए । संसदीय सुनुवाइमा पठाउनुपर्ने परमादेश जारी हुनुपर्ने राय दिएकी न्यायाधीश सपना प्रधान मल्ल नियुक्ति सदरको पक्षमा न्यायाधीशहरू कुमार चुडाल र शर्माको मतसँग उभिएकी थिइन् ।

प्रधानन्यायाधीश राउत नियुक्ति बदरको पक्षमा उभिँदा समेत सदर गरिएकोप्रति नेता कृष्णप्रसाद सिटौलाले आश्चर्य व्यक्त गरेका थिए । न्यायालय प्रधानन्याधीशको नेतृत्वमा परिचालित हुने बताउँदै सिटौलाले भने, 'प्रधानन्यायाधीशकै लिडरसिपमा न्याय प्रशासन चल्छ भन्ने संविधानमा स्पष्ट लेखिने व्यवस्था छ । शंका कहीं पनि छैन ।'

फैसला आउँदा स्वयं प्रधानन्यायाधीश अल्पमतमा पर्नुमा सिटौलाले आश्चर्य प्रकट गरे । पार्टी बैठकमा अदालतको काम-कारबाहीप्रति चासो राख्दै सिटौलाले थपे, 'फैसला भएर आउँदा स्वयं प्रधानन्यायाधीश अल्पमतमा पर्नुभएको छ र बहुमतबाट फैसला आएको छ ।' न्यायालयको तलदेखि माथिसम्म समीक्षा गर्नुपर्ने सिटौलाको विचार छ ।

अदालतको १८ असारको फैसलाले कांग्रेस बैठकमा छुट्टै संवैधानिक अदालतको विषयले समेत प्रवेश पाएको छ । अदालतको आदेशप्रति असन्तुष्ट नेता विमलेन्द्र उक्त विषयलाई बहसमा लानुपर्ने विचार राखे । संविधानविद्हरूले सर्वोच्च अदालतको १८ असारको फैसला सुनेर संवैधानिक अदालत छुट्टै हुनुपर्ने विषय फेरि उठान गरेको पार्टी बैठकमा सुनाए ।

'संविधान बनाउने बेलामा भनेका थियौं, यो सर्वोच्च अदालत छुट्टै, संवैधानिक अदालत छुट्टै बनाऔं भनेर,' निधिले भने ।

संविधान निर्माणको बेला तत्कालीन संवैधानिक अदालत छुट्टै बनाउनु नपर्ने तर्क अघि सारेको निधिले स्मरण गरे । 'सिरियसली विषयलाई पार्टी बैठकमा प्रवेश गराएको छु । अब संवैधानिक अदालत छुट्टै बनाउनेतिर पनि हामीले संविधान संशोधनको मुद्दामा यसलाई पनि राख्नुपर्छ' निधिले बैठकमा भने, 'किनभने अदालतले जुन किसिमको शक्ति पृथकीकरण र सन्तुलनको सिद्धान्तलाई जसरी अवलम्बन गर्नुपर्ने हो, त्यो चाहिँ गरेको हामीले पाइराखेका छैनौं ।'

१८ असारको मध्यराति सर्वोच्चले गरेको फैसलाबाट अदालतबाट न्याय नपाउने महसुस राज्यका हरेक तप्काका व्यक्तिलाई लाग्ने अवस्था बनेको सहमहामन्त्री जीवन परियारले बताए ।

'पूर्वन्यायाधीश, वरिष्ठ अधिवक्ता, आम बुद्धिजीवी एउटा सर्वसाधारण मान्छेले पनि के भन्न थाल्यो भने, न्यायपालिकाबाट पनि जस्टिस भएन,' सभापति शेरबहादुर देउवाको ध्यानाकर्षण गराउँदै भने, 'यस बारेमा जुन चासो भएको छ, सभापतिज्यूले नजिकबाट नियाल्नुपर्छ भन्ने मेरो आग्रह हो ।'



'अदालतको नेतृत्व गर्ने प्रधानन्यायाधीश नै अल्पमतमा रहेर फैसला हुनु आश्चर्यजनक'



'अब छुट्टै संवैधानिक अदालत बनाउन बहस गरौं'



'सर्वोच्चको फैसलाले संविधानको सर्वोच्चता माथि प्रहार गरेको छ'



'अदालतलाई प्रभावित पारेर संवैधानिक अंगहरुमा कब्जा जमाउन खोजिएको त होइन ?'

कांग्रेस बैठकमा सर्वोच्चको फैसला संविधानको सर्वोच्चतामाथिको प्रहारको रूपमा नेताहरूले व्याख्या गरेका छन् । संवैधानिक पदहरूमा भएको नियुक्तिबारे हालै सर्वोच्च अदालतले गरेको फैसलाले संवैधानिक सभाद्वारा निर्मित संविधानलाई कमजोर बनाएको केन्द्रीय सदस्य मधु आचार्यले बताए ।

अदालतको फैसलामाथि पार्टी नेतृत्वलाई बोल्न आग्रह गर्दै आचार्यले भने, 'संविधानको सर्वोच्चतामाथि प्रहार भएको छ । यसबारे केही बोलौं ।'

अदालतमार्फत सत्ताको प्रमुख नेतृत्व गर्ने दल एमालेले संवैधानिक अंगहरू कब्जा गर्ने रणनीति बनाएको हो कि भन्ने संशय समेत कांग्रेसमा देखिएको छ । अघिल्लोपटक प्रधानमन्त्री पदमा ओली रहँदा नियुक्ति पाएकाहरू उनी अनुकूल हुने हुँदा अदालतलाई प्रयोग गरिएको आशंका कांग्रेस बैठकमा गरिएको हो ।

केन्द्रीय सदस्य ध्रुव वाग्लेले संवैधानिक पदाधिकारीको नियुक्ति सम्बन्धमा सर्वोच्च अदालतले गरेको फैसलाप्रति संशय व्यक्त गरेका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओली सरकारले नियुक्तिविरुद्ध परेको मुद्दामा सर्वोच्च अदालतले तत्कालीन सरकारले गरेको निर्णयलाई सदर गरेको थियो । सर्वोच्चले गरेको फैसलामा एमालेकै चालअनुसार भएको हो कि भनी वाग्लेले आशंका व्यक्त गरेका छन् । पार्टीको केन्द्रीय समिति बैठकमा वाग्लेले भने, 'सत्ताकै गठबन्धनमा रहेको अर्को दलले कुनै अज्ञात रूपमा रहस्यमय चाल खेलिरहेको छ । त्यसप्रति नेतृत्व तहलाई सचेत गराउन चाहन्छु ।'

सर्वोच्चको फैसलाले कतै अज्ञात कोठाबाट नियन्त्रित ढंगबाट अदालतलाई प्रभावित पारेर संवैधानिक अंगहरूमा कब्जा जमाउन खोजिएको आशंका वाग्लेले गरे । सर्वोच्चले गरेको जुन फैसलाले संवैधानिक पद्धतिलाई लज्जित र बेइज्जत गरेको वाग्लेको तर्क छ ।

'आज अध्यादेशको मार्फतबाट के मुलुकको आधारभूत संवैधानिक प्रावधानहरूमाथि संशोधन गर्न सकिन्छ ?,' नेतृत्वको ध्यानाकर्षण गराउँदै उनले भने, 'आज यो आशंकालाई पनि सतर्कतापूर्वक अध्ययन गर्नुहुन म नेतृत्वसमक्ष अनुरोध गर्न चाहन्छु ।' यसअघि फैसला आउने दिन कांग्रेस सभापति शेरबहादुर देउवाले संविधान व्याख्या गर्ने निकायबाटै कमजोरी भएको भन्दै अनौपचारिक रूपमा असन्तुष्टि पोखेको कांग्रेस केन्द्रीय नेताहरूले बताएका छन् । अनलाइनखबरडटकमबाट

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

## विश्वको एक खतरनाक आदिवासी

# जहाँ केटीहरूको ओठ काटिन्छ

विश्वका विभिन्न कुनाहरूमा रहेका रहस्यमय र खतरनाक आदिवासीहरूले मानव सभ्यताको विविधता र सांस्कृतिक समृद्धिलाई उजागर गर्छन्। यी आदिवासीहरूले हजारौं वर्ष पुराना परम्पराहरूलाई अझै पनि जीवन्त राखेका छन्, जुन आधुनिक संसारका लागि अनौंठो र आश्चर्यजनक लाग्न सक्छ। यिनीहरूको जीवनशैली, विश्वास र परम्पराहरूले उनीहरूलाई अन्य समुदायभन्दा फरक बनाउँछ। यस्तै एक आदिवासी हो, इथियोपियाको मुर्सी आदिवासी। यसको क्रूर र हिंसक परम्पराहरूले विश्वभर चर्चा कमाएको छ।



### मुर्सी आदिवासीको परिचय

मुर्सी आदिवासी दक्षिणी इथियोपियाको ओमो उपत्यकामा बस्छ, जुन सूडानको सीमासँग जोडिएको एक दुर्गम क्षेत्र हो। यो क्षेत्र प्राकृतिक सौन्दर्य र जैविक विविधताले भरिपूर्ण छ। तर, यहाँको जीवन कठिन र जोखिमपूर्ण छ। मुर्सी आदिवासीको जनसंख्या करिब १० हजारदेखि १२ हजारको बीचमा रहेको अनुमान गरिन्छ। यो समुदाय आफ्नो अनौठो परम्परा, हिंसक व्यवहार र बाहिरी संसारसँगको न्यून सम्पर्कका कारण चर्चित छ। उनीहरू आधुनिक सभ्यताबाट लगभग पूर्णरूपमा अलग छन् र आफ्नो परम्परालाई कडाइका साथ पालना गर्छन्।

### *मुर्सी आदिवासीको जीवनशैली र संस्कृति*

मुर्सी आदिवासीका मानिसहरू मुख्य रूपमा खेती र पशुपालनमा निर्भर छन्। उनीहरूका लागि गाईवस्तु केवल जीविकोपार्जनको साधन मात्र होइन, बरु सामाजिक प्रतिष्ठा र धनको प्रतीक पनि हो। गाईको संख्या र गुणस्तरले व्यक्तिको सामाजिक हैसियत निर्धारण गर्छ। यो आदिवासीमा गाईलाई यति धेरै महत्त्व दिइन्छ कि, विवाहको समयमा दुलाह पक्षले दुलही पक्षलाई गाईहरूको ठूलो संख्या कन्यादानको रूपमा दिनुपर्छ।

मुर्सीहरूको जीवनशैलीमा हिंसालाई सामान्य रूपमा लिइन्छ। विशेषगरी, पुरुषहरूमा 'डोंगा' भनिने एक परम्परागत लडाइँ निकै प्रचलित छ। यो लडाइँमा दुई पुरुषहरू लाठी (डोंगा) लिएर एकअर्कासँग भिड्छन्, जुन प्रायः रक्तपातपूर्ण हुन्छ। यो परम्परालाई पुरुषत्व र साहसको प्रदर्शनको रूपमा लिइन्छ। यस्ता लडाइँहरू सामुदायिक उत्सवको हिस्सा हुन्छन् र समुदायका युवाहरूले यसमा भाग लिन उत्साहित हुन्छन्।

### *महिलाहरूको ओठ काट्ने अनौठो परम्परा*

मुर्सी आदिवासीको सबैभन्दा चर्चित र विवादास्पद परम्परामध्ये एक हो, महिलाहरूको तल्लो ओठमा डिस्क लिप प्लेट राख्ने प्रथा। यो प्रक्रिया किशोरीहरू जवान भएपछि शुरू हुन्छ। सामान्यतया १५-१६ वर्षको उमेरमा, केटीहरूको तल्लो ओठमा गहिरो चिरा पारिन्छ र त्यसमा काठ वा माटोको गोलाकार डिस्क राखिन्छ। उनीहरूको विश्वास छ कि यसले महिलाहरूको सुन्दरता कम गर्छ र उनीहरू कम आकर्षक देखिन्छन्।

समयसँगै यो डिस्कको आकार बढाउँदै लगिन्छ, जसले ओठलाई अस्वाभाविक रूपमा तन्काउँछ। यो प्रक्रिया अत्यन्त पीडादायी हुन्छ र प्रायः कुनै पनि आधुनिक चिकित्सकीय सुविधा बिना गरिन्छ, जसले गर्दा संक्रमणको जोखिम पनि उच्च हुन्छ।

यो परम्पराका पछाडि ऐतिहासिक र सामाजिक कारण छन्। मुर्सी समुदायको विश्वासअनुसार, यो प्रथाले महिलाहरूलाई दासत्व र यौन शोषणबाट जोगाउँछ। पुरानो समयमा, उपनिवेशकालमा वा अन्य आदिवासीहरूसँगको द्वन्द्वका क्रममा, मुर्सी महिलाहरूलाई अपहरण गरी दास बनाइन्थ्यो। त्यसबाट बच्नका लागि उनीहरूले आफूलाई कम आकर्षक देखाउन यो प्रथा शुरू गरे। समयसँगै, यो परम्परा सौन्दर्य र सामाजिक प्रतिष्ठाको प्रतीक बन्यो। आज, ठूलो लिप प्लेट भएकी महिलाले समुदायमा उच्च सम्मान प्राप्त गर्छिन् र यो उनको धैर्य र साहसको प्रमाण मानिन्छ।



### *हिंसक स्वभाव र बाहिरी संसारसँगको सम्बन्ध*

मुर्सी आदिवासीको हिंसक छवि उनीहरूको बाहिरी मानिसहरूप्रति आक्रामक व्यवहार र क्षेत्रीय सुरक्षाप्रतिको संवेदनशीलताले बनेको छ। उनीहरू आफ्नो क्षेत्रमा अनधिकृत प्रवेशलाई सहँदैनन्। यदि कसैले उनीहरूको अनुमतिबिना ओमो उपत्यकामा प्रवेश गर्छ भने, उनीहरूलाई आक्रमण गर्न सक्छन्। मुर्सीहरूले आधुनिक हतियारहरू जस्तै बन्दूकहरू पनि प्रयोग गर्छन्, जुन उनीहरूले अन्य आदिवासीहरूसँगको व्यापार वा बाहिरी सम्पर्कबाट प्राप्त गर्छन्। यस्ता हतियारहरूले उनीहरूको खतरनाक छविलाई थप बलियो बनाएको छ।

मुर्सी आदिवासीको विश्वास छ कि 'जीवनको अर्थ नै संघर्ष र हिंसामा छ।' उनीहरूको दर्शनमा, अरूलाई परास्त गर्नु वा मार्नुले व्यक्तिको शक्ति र सम्मानलाई प्रमाणित गर्छ।यद्यपि, यो हिंसा प्रायः उनीहरूको समुदायभित्र वा अन्य आदिवासीहरूसँगको द्वन्द्वमा सीमित हुन्छ। बाहिरी पर्यटकहरूसँगको सम्पर्क भने सीमित छ। पर्यटकहरूले उनीहरूको क्षेत्रमा जाँदा स्थानीय गाइडको साथ र अनुमति लिएर मात्र प्रवेश गर्नुपर्छ।

आधुनिक संसारको विस्तार र पर्यटनको वृद्धिसँगै मुर्सी आदिवासीको जीवनशैलीमा केही परिवर्तनहरू देखा परेका छन्। पर्यटकहरू ओमो उपत्यकामा उनीहरूको अनौठो संस्कृति हेर्न आउँछन्, जसले गर्दा मुर्सीहरूले तस्वीर खिच्न र सांस्कृतिक प्रदर्शन गर्नका लागि शुल्क लिन थालेका छन्। यद्यपि, यो सम्पर्कले उनीहरूको परम्परालाई कमजोर बनाएको छैन, बरु उनीहरूले आफ्नो पहिचानलाई थप बलियो बनाएका छन्।

आधुनिकताले केही चुनौतीहरू पनि ल्याएको छ। इथियोपिया सरकारले ओमो उपत्यकामा बाँध निर्माण र कृषि परियोजनाहरू शुरू गरेको छ, जसले मुर्सी आदिवासीको परम्परागत जमिन र जीवनशैलीमाथि खतरा उत्पन्न गरेको छ। यस्ता परियोजनाहरूले उनीहरूको खेती र पशुपालनमा असर पारेको छ, जसले गर्दा उनीहरूको जीविकोपार्जनमा संकट देखिएको छ।

### *मुर्सी आदिवासीको विश्वास र दर्शन*

मुर्सी आदिवासी विश्वको एक यस्तो समुदाय हो, जसले आफ्नो अनौठो र क्रूर परम्पराहरूलाई अझै पनि जीवन्त राखेको छ। उनीहरूको ओठ काट्ने प्रथा, हिंसक व्यवहार र बाहिरी संसारसँगको न्यून सम्पर्कले उनीहरूलाई रहस्यमय र खतरनाक बनाएको छ। यद्यपि, यो आदिवासीको जीवनशैली र परम्पराहरूले मानव सभ्यताको विविधता र सांस्कृतिक गहिराइलाई दर्शाउँछ। आधुनिक संसारको प्रभावले उनीहरूको जीवनमा केही परिवर्तन ल्याए पनि, मुर्सीहरू आफ्नो पहिचान र परम्परालाई जोगाइराख्न दृढ छन्।

## अनिवार्य र निःशुल्क शिक्षा सुनिश्चित गर्न अखिल क्रान्तिकारीको माग

दैनिक समाचारदाता

काठमाडौं, २३ असार। अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)ले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क गर्ने संवैधानिक व्यवस्थालाई विद्यालय शिक्षा विधेयकमा समेट्न प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको ध्यानाकर्षण गराएको छ। अखिल (क्रान्तिकारी) का अध्यक्ष विजयप्रकाश शर्मा सापकोटासहितको प्रतिधिमण्डलले आज समितिका सभापति अम्मरबहादुर थापालाई ज्ञापनपत्र बुझाउँदै विधेयकमा शिक्षकको आत्मसम्मानको कदर तथा सेवसुविधा समायानुकूल बनाउन आग्रह गरेको हो। सङ्गठनले शत्प्रतिशत खुल्ला प्रतिस्पर्धाबाट शिक्षक नियुक्तिको सुनिश्चितता गर्न पनि माग गरेको छ।

क्रान्तिकारीले परम्परागत रुपमा चलिरहेका धार्मिक विद्यालय मदरसा, गुम्बालगायतका विद्यालयलाई समकक्षता र यस्ता विद्यालयलाई मूलधारमा ल्याउने बारेमा थप स्पष्टता गर्न सुझाव दिएको उपाध्यक्ष एवं प्रचार विभाग प्रमुख मदन ढकालले जानकारी दिनुभयो। ज्ञापत्रपत्रमा राष्ट्रिय पाठ्यक्रम परिषद् र पाठ्यक्रम विकास केन्द्रलाई गाभेर एउटा निकाय कायम गर्न सुझाव दिइएको छ। ऐन प्रारम्भ भएपछि पाँच देखि १० वर्षभित्रमा निजी विद्यालय अनिवार्य रुपमा शैक्षिक गुठीमा रुपान्तरण गरी सञ्चालन गर्नु आवश्यक रहेको औंल्याउँदै क्रान्तिकारीले निजी गुठीका रुपमा सञ्चालित विद्यालय १० वर्षभित्र सार्वजनिक गुठीमा रुपान्तरण गरी सञ्चालन गर्नुपर्ने सुझाव दिएको छ।

## बचतकर्तालाई रु १० लाखसम्म उपचार खर्च

झापा, २३ असार। झापाको सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाले स्वास्थ्य बिमा कार्यक्रम जस्तै नयाँ अवधारणाबाट सदस्यहरुको उपचारमा सहयोग पुर्याउँदै आएको छ।

सदस्य बिरामी हुँदा उपचारमा कठिनाइ नहोस् भन्ने उद्देश्यले संस्थाले विसं २०७२ मा 'जीवन बरदान' कार्यक्रम लागू गरेको थियो। सहकारीका सदस्यले वार्षिक रु तीन हजार ४७५ बुझाएपछि 'जीवन बरदान' कार्यक्रमको सदस्य बन्न पाउँछन्।

त्यसरी सदस्य बनेकाहरुले बिरामी हुँदा संस्थाले तोकेका अस्पतालबाट वर्षमा एकपटक लाखौं रकम बराबरको उपचार सेवा लिन पाउँछन्। रोगको अवस्था हेरी कतिपय सदस्यले रु १० लाखसम्मको उपचार पाउने गरेको संस्थाले जनाएको छ।

धेरै खर्च हुने जटिल रोग लागेको, दुर्घटना भएर आकस्मिक उपचार गराउनु परेको र शल्यक्रिया गरिने अवस्थामा सहाराले शल्यक्रिया र औषधिको कूल खर्चको ९० प्रतिशतसम्म बेहोर्ने भएकाले सदस्यहरु 'जीवन बरदान' कार्यक्रमबाट लाभान्वित हुने गरेका छन्।

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाका उपनिर्देशक दिनेशबहादुर निरौलाका अनुसार एक दशकमा 'जीवन बरदान' मार्फत १७ हजार ७३७ जना सदस्यले रु ४१ करोड ९७ लाख बराबरको उपचार सेवा प्राप्त गरिसकेका छन्। चालु आर्थिक वर्ष २०८१/८२ मा एक हजार ४०० भन्दा बढी सदस्यले लगभग रु सात करोड बराबरको स्वास्थ्योपचार सेवा लिइसकेको उहाँले जानकारी दिनुभयो। पछिल्लो महिनामा सेवा लिएका कतिपयको बिल भरपाइ सङ्कलन भइरहेको हुँदा यकिन हिसाब आउन बाँकी रहेको बताइएको छ।

संस्थाले उपचारका लागि राजधानी काठमाडौँका सुविधा सम्पन्न अस्पतालदेखि मोफसलका ५० भन्दा बढी अस्पतालसँग सम्झौता गरेको जनाएको छ। बिरामीले आफैं अस्पताल रोजेर उपचार गराउन पाउने संस्थाले सदस्यलाई सुविधा दिएको छ।

"जटिल रोगका बिरामी वा शल्यक्रिया गराउनुपरेमा सदस्यले आफैंले चाहेको अस्पतालमा उपचार गराउन सक्नुहुन्छ", सेवा लिने प्रक्रियाबारे जानकारी दिँदै उहाँ भन्नुहुन्छ, "अस्पताललाई जीवन बरदान कार्ड देखाएर सहारा नेपाललाई भर्ना भएको जानकारी गराए पुग्छ। अस्पतालले कुनै धरौटी नलिइकन सबै उपचार गरिदिन्छ।" संस्थाले शल्यक्रिया गराउँदा लागेको शुल्कको ९० प्रतिशत र उपचारमा लागेको खर्चको ८० प्रतिशत रकम अस्पताललाई भुक्तानी दिने गरेको छ। अस्पतालमा भर्ना भएको दिनदेखि डिस्चार्ज भएसम्मको अधिकांश खर्च संस्थाले नै बेहोर्ने भएकाले सहकारीका सदस्यले स्वास्थ्योपचारमा ठूलो राहत अनुभूति गर्दै आएका छन्।

अस्पतालबाट डिस्चार्ज भइसकेपछि घरमा बसेका बेला शल्यक्रिया गराएका बिरामीलाई संस्थाले नर्स पठाएर घरदैलो 'होम केयर' सेवा पुर्याउने गरेको छ। मुटु मिर्गौला, सुगर, प्रेसर, थाइराइड, दम, छारेरोगलगायत १० वटा दीर्घकालीन रोग लागेका सदस्यलाई औषधि खर्चको ५० प्रतिशतसम्म बेहोर्दै आएको संस्थाले जनाएको छ।

कनकाई नगरपालिका वडा नं. ३ का चन्द्रप्रसाद रिजालले गत चैतमा टाउकाको शल्यक्रिया गराउँदा सहाराको 'जीवन बरदान' कार्यक्रमबाट रु दुई लाख ५० हजार बराबरको उपचार विर्तामोडको बीएन्डसी अस्पतालबाट पाएको बताउनुभयो। संस्थाको जीवन बरदान कार्यक्रमको सदस्य रहनुभएको बिर्तामोड नगरपालिका वडा नं. २ का ढुण्डीराज मिश्रले पनि एक वर्षअघि काठमाडौँको मेडिसिटी अस्पतालमा ट्यूमरको शल्यक्रिया गराउँदा रु चार लाख प्राप्त गर्नुभएको बताउनुभयो।

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थामा हाल एक लाख ९१ हजार सात सय २१ जना सदस्य छन् भने रु एक अर्ब ६९ करोड ८६ लाख ५९ हजार चार सय शेयर पुँजी रहेको छ। झापा, मोरङ, सुनसरी, इलाम, पाँचथर र उदयपुर गरी छ जिल्लामा ८१ वटा सेवा केन्द्र सञ्चालनमा रहेका छन्। रासस

# देशभरका अस्पतालमा आकस्मिकबाहेकका सेवा बन्द

दैनिक समाचारदाता
काठमाडौँ, २३ असार । उपभोक्ता अदालतले चिकित्सकीय अभ्याससम्बन्धी मुद्दामा गरेको कारबाहीको निर्णयप्रति गम्भीर असहमति जनाउँदै नेपाल चिकित्सक सङ्घले आज देशभरका अस्पताल तथा स्वास्थ्य संस्थामा आकस्मिकबाहेकका सम्पूर्ण सेवा बन्द गरेका छन् । देशकै जेठो वीर अस्पतालमा अहिले ‘फलोअप’का बिरामीबाहेक अरूले सेवा पाउन सकेका छन् । आकस्मिक र अत्यावश्यक सेवाबाहेकको सेवा दिन नसकिएको अस्पतालका निर्देशक डा दिलीप शर्माले बताउनुभयो । उहाँले भन्नुभयो, “सङ्घको आह्वानमा सेवा बन्द भएको हो । आंशिक सेवा मात्र दिन सकेका छौँ । आकस्मिक सेवा भने दिइरहेका छौँ । आशा छ छिट्टै निकास मिल्ला ।”

सङ्घले देशभरका चिकित्सक



तथा स्वास्थ्यकर्मीहरूलाई यही असार १७ गतेदेखि कालोपट्टी बाँधेर सेवा दिन आह्वान गरेकामा आजदेखि आज आकस्मिकबाहेकका सेवा ठप्प पारेको हो ।

बिरामीको उपचारमा लापरबाही गरेको भन्दै उपभोक्ता अदालतले पछिल्लो समय केही ग्रान्डी अस्पताल र चिकित्सकमाथि रु ५७ लाख १९ हजार क्षतिपूर्तिसहित कारबाहीको फैसला गरेको थियो ।

यसैगरी, हिमाल अस्पताल र त्यहाँ कार्यरत चिकित्सकलाई रु एक करोड ४५ लाख क्षतिपूर्ति तिराउने उपभोक्ता अदालतले फैसला गरेको थियो भने ओम अस्पताललाई रु ५० लाख ७० हजार तिर्नुपर्ने फैसाला गरेको थियो ।

चिकित्सक सङ्घका महासचिव डा सञ्जीव तिवारीले चिकित्सा पेसालाई अत्यन्त संवेदनशील, वैज्ञानिक र नैतिक सेवा भएको बताउँदै यसलाई अन्य व्यवसायजस्तो मूल्याङ्कन गरी निर्णय गर्नु अस्वीकार्य हुने बताउनुभयो । उहाँले भन्नुभयो, “नेपाल मेडिकल काउन्सिलजस्ता नियामक निकायलाई बेवास्ता गरी उपभोक्ता अदालतले गरेको कानुनी हस्तक्षेपले चिकित्सा क्षेत्रमा अन्योल सृजना गरेको र यस्ता विषयमा नेपाल मेडिकल काउन्सिलबाट मात्र मूल्याङ्कन हुनुपर्छ ।”सङ्घले उपभोक्ता अदालतलाई उक्त निर्णय पुनरावलोकन गर्न र स्वास्थ्य मन्त्रालयलगायत सरोकारवाला निकायलाई तत्काल ध्यान दिन आग्रह गरेको छ । चिकित्सकहरूलाई सुरक्षित वातावरणमा काम गर्ने अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिँदै सङ्घले यस्तो वातावरण नभएमा स्वास्थ्य सेवामा गम्भीर असर पर्न सक्ने बताएको छभने सङ्घले नेपाल सरकारले उचित कदम नचाले सशक्त आन्दोलनमा उत्रने चेतावनीसमेत दिएको छ ।

# मिस नेपाल २०२५ का लागि आवेदन खुला




दैनिक समाचारदाता
जनकपुरधाम, २२ असार । सौन्दर्य र प्रतिभाको सम्मान गर्ने नेपालकै प्रतिष्ठित प्रतियोगिता मिस नेपाल २०२५ का लागि आवेदन खुला गरिएको छ। प्रतियोगिता आयोजना गर्दै आएको संस्था दि हिडेन ट्रेजर ले आफ्नो ३० औं वार्षिकोत्सवको अवसर पारेर यसपटकको संस्करणलाई अझ भव्य बनाउन विशेष तयारी गरेको छ।

जनकपुरधाममा सोमवार आयोजित पत्रकार सम्मेलन मार्फत प्रतियोगिताका बारेमा विस्तृत जानकारी दिँदै १८ देखि २७ वर्ष उमेर समूहका देश तथा विदेशमा रहेका नेपाली युवतीहरूलाई आवेदन दिन आग्रह गरिएको छ। सहभागिका लागि न्यूनतम उचाइ ५ फिट ३ इन्च हुनुपर्नेछ। आवेदन निःशुल्क हुनेछ भने अन्तिम म्याद २०८२ असार २६ गते (२०२५ जुलाई १०) सम्म रहनेछ।

अन्तिम अडिसन २०८२ असार २८ गते (२०२५ जुलाई १२) काठमाडौंमा हुने जनाइएको छ। अडिसनबाट छनोटमा परेका युवतीहरूले ग्रामिण र विशेष प्रशिक्षण प्राप्त गर्नेछन्।

फिनाले कार्यक्रम २०८२ भदौ १४ गते (२०२५ अगस्ट ३०) शनिबार, गोदावरीस्थित सनराइज कन्भेन्सन सेन्टरमा आयोजना गरिनेछ। प्रतियोगिताबाट मिस नेपाल वर्ल्ड, मिस नेपाल अर्थ, मिस नेपाल इन्टरनेशनल र पहिलो पटक मिस नेपाल कोस्मो गरी चार जना विजेता छानिनेछन्।

नेपालले यसपटक पहिलो पटक मिस कोस्मो इन्टरनेशनल प्रतियोगितामा सहभागिता जनाउने भएको छ।

मिस नेपाल २०२५ को खोजीका लागि विर्तामोड, जनकपुर, नेपालगञ्ज लगायत विभिन्न शहरहरूमा अडिसन र प्रचार अभियान सञ्चालन गरिनेछ। साथै, काठमाडौंका १० वटा कलेजमा पनि मिस नेपाल एक्टिभेसन क्याम्पेन सञ्चालन गरिने आयोजकले जानकारी दिएको छ। यसपटक प्रतियोगिताका सह(प्रायोजकमा बर्जर पेन्ट्स र श्री नटराज ज्वेलर्स रहेका छन्। आयोजकले दुवै संस्थालाई विशेष धन्यवाद ज्ञापन गर्दै प्रतियोगितालाई सफल बनाउन सबैको साथको अपेक्षा गरेको छ।

# नेप्से परिसूचक २२ अङ्कले घट्यो

काठमाडौँ, २३ असार । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । आज नेप्से परिसूचक २२ दशमलव ३५ अङ्कले घटेर दुई हजार ६८४ दशमलव ०१ को बिन्दुमा कायम भएको हो ।

आज विभिन्न ३११ कम्पनीका एक करोड ९४ लाख १५ हजार ६८८ कित्ता शेयर ७१ हजार ३१३ पटक खरिदबिक्री हुँदा रू आठ अर्ब ३७ करोड ७३ लाख २७ हजार १४७ बराबरको कारोबार भएको छ । होटल तथा पर्यटन समूह शून्य दशमलव ६१ र म्युचुअल फण्ड शून्य दशमलव ०७ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ ।

बैंकिङ शून्य दशमलव ७९, विकास बैंक शून्य दशमलव ८१, वित्त तीन दशमलव ७६, जलविद्युत् एक दशमलव ०२ र लगानी समूह शून्य दशमलव ७६ प्रतिशतले घटेको छ । त्यस्तै, जीवन बिमा शून्य दशमलव ९३, उत्पादन तथा प्रशोधन एक दशमलव २४, लघुवित्त शून्य दशमलव ७०, निर्जीवन बिमा शून्य दशमलव ६६, व्यापार एक दशमलव २५ र अन्य समूह शून्य दशमलव १५ प्रतिशतले घटेको छ ।

# रास्वपा र राप्रपाद्वारा प्रतिनिधिसभा बैठक बहिष्कार

दैनिक समाचारदाता
काठमाडौँ, २३ असार । ‘भिजिट भिसा’ प्रकरणमा संसदीय समितिको माग गर्दै प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई प्रतिपक्षी दलले बैठक बहिष्कार गरेका छन् ।

निर्धारित समयभन्दा एक घण्टा ढिलो गरी सभामुख देवराज घिमिरेले प्रतिनिधिसभाको आजको बैठक सुरु भएको घोषणा गर्ने बित्तिकै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसदले उठेर विरोध जनाएका थिए ।

सभामुख घिमिरेले सांसद मनिष झालाई बोल्ने समय दिनुभएको थियो । उहाँले यो सरकार नढलोस् भनी केही महिनाअघि भनेको उल्लेख गर्नुहुँदै ‘कुलिङ अफ पिरियड’ का बारेमा सभापतिले संसद्मा प्रस्ताव गरेकोभन्दा फरक विषय पारित हुनु दुःखद् भएको बताउनुभयो ।



“जुन दलसँग सम्बन्धित दलका नेताका बारेमा प्रश्न उठेको थियो । ती दलका नेताको संयोजकत्वमा समिति गठन नगर्ने सहमति एक वर्षअघि भएको थियो । तर यसपटक त्यसै गर्न खोजिएको छ । यो हामीलाई मान्य छैन,” उहाँले भन्नुभयो ।

सांसद दीपकबहादुर सिंहले निजामती विधेयकमा ‘कुलिङ अफ पिरियड’ को पनि संसदीय समिति बन्न लागेको उल्लेख गर्नुहुँदै भिजिट भिसा प्रकरणमा प्रधानमन्त्रदेखि तल्लो तहका कर्मचारी जोडिएकाले यस बारेमा छानबिन गर्न संसदीय समितिको माग गर्नुभयो ।

यस विषयमा किन संसदीय छानबिन समिति गठन नगरेको भनी प्रश्न गर्नुहुँदै उहाँले राप्रपाले आजको बैठक बहिष्कार गर्ने बताउनुभयो । रास्वपा र राप्रपाले आजको बैठकबाट बाहिरिएका छन् ।

MIT +2 को कक्षा ११ मा भर्ना सम्बन्धी सूचना

S.E.E. परीक्षामा उत्तीर्ण सम्पूर्ण विद्यार्थीहरुमा हार्दिक बधाई तथा शुभकामना !

शैक्षिक विशिष्टता एवम उत्कृष्टताको प्रतीक MIT मा विज्ञान, वाणिज्य तथा कानून संकाय तर्फ कक्षा ११ मा भर्नाको लागि जनकपुरधाम उपमहानगरपालिकाले निधारण गरेको छात्रवृत्ति सहित प्रवेश परीक्षा फारम वितरण तथा दर्ता प्रारम्भ भईरहका व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ ।

भर्ना कार्यक्रम :

- प्रवेश परीक्षा फारम वितरण र दर्ता - मिति २०८२/०३/१७ गते देखि
- प्रवेश परीक्षा - मिति २०८२/०४/०३ गते, बिहान ८ बजे देखि १० बजे सम्म
- प्रवेश परीक्षाको नतिजा प्रकाशन - मिति २०८२/०४/०७ गते, बेलुकी ४ बजे
- नामांकन - मिति २०८२/०४/०८ गते देखि



द्रष्टव्य :
विशेष जानकारीको लागि MIT कार्यालयमा सम्पर्क गर्न हुन समेत सूचित गरिन्छ ।

प्राचार्य
MIT +2 CAMPUS, Janakpurdham-4,
Mob. No.: 9801670856, 9801670861, 9854025907, 9844005260
Phone No.: 041-425035, 041-426377
Email: mitcampus.jnk@gmail.com
Website: www.mitjnk.edu.np

- जनकपुरधाम देखि लोहना, नगराईन, घोडघाँस, फुलगम्मा, भ्रमरपुरा, बलवा सरपल्लो, कुर्था, महदैया, जलेश्वर, सुगा, भिठ्ठामोड, खैरबा, आबर, मटिहानी, एकरहिया, महेन्द्रनगर, ढल्केबर, तारापट्टी, धनुषाधाम, महुवा-कपिलेश्वर सम्म स्कूल बस संचालन भईरहेको छ ।




- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४